# आर्थिक वर्ष २०७५/०७६
# को
# बजेट बक्तव्य

# माहाकुलुङ गाउँपालिका
## बुङ, सोलुखुम्बु, १ नं. प्रदेश
## २०७५

# माहाकुलुङ गाँउपालिकाको गाउँसभा २०७५ साल अषाढ २५ गते
# उपाध्यक्ष विपना कुलुङले
# प्रस्तत गर्नुभएको बजेट बक्तव्य

## आर्थिक वर्ष २०७५/०७६
## को
## बजेट बक्तव्य

# माहाकुलुङ गाउँपालिका
# बुङ, सोलुखुम्बु
# १ नं. प्रदेश, नेपाल

**गाउँसभाका अध्यक्ष महोदय**

1. माहाकुलुङ गाँउपालिकाको उपाध्यक्षको हैसियतले यस सम्मानित सभासमक्ष आगामि आर्थिक वर्ष २०७५/०७६ को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित भएको छु। यस अवसरमा देश र जनताको निम्ति जीवन समर्पन गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रृन्दान्जली व्यक्त गर्न चाहन्छु। साथै सामाजिक न्याय, आर्थिक सम्मुन्नति, राजनीतिक परिवर्तनका लागि संघर्ष गर्नुहुने महान जनता र नेतृत्व गर्नुहुने नेपाली राजनीतिका शिखर व्यक्तित्वप्रति आभार प्रकट गर्न चाहन्छु।
2. लामो समयको जनताको राजनीतिक संघर्ष पश्चात स्थानीय तहको निर्वाचन सँगै नेपालको संविधानमा व्यवस्था भए बमोजिमको नयाँ राज्य व्यवस्थाको सुरुवात भएको एक वर्ष वितिसकेको छ। यो अवधिमा शासन व्यवस्थामा अन्योलता, कर्मचारीको अपर्याप्तता, पूर्वाधारको कमी जस्ता समस्याहरु सामना गर्नुपरेको छ। यस बाबजुत पनि यहाँका जनताले नजिकमा सेवा र गाउँ टोलमा विकासका अनुभूति गरेका छन्।
3. अपार प्राकृतिक श्रोत र प्राकृतिक मनोरम, खेतियोग्य जमिन, मेहनती जनता यहाँका सम्पत्ति हुन्। नेतृत्व वर्गले यिनै सम्पत्तिलाई जनताको खुशीमा परिवर्तन गर्न सके सम्वृद्ध माहाकुलुङको अभियान सफल हुनेछ।
4. माहाकुलुङ गाउँपालिकाको आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र प्रदेशको बजेट सीमा, माहाकुलुङ गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, दीगो विकासको लक्ष्य आदिलाई आधारको रुपमा लिएको छु। साथै स्थानीय सामाजिक संघ संस्था, बुद्धिजिवि, राजनीति कर्मी, भद्र भलाद्मी आदिको सुझावहरुलाई पनि मार्गदर्शनको रुपमा लिएको छु।

**सम्मानित अध्यक्ष महोदय,**

5. अब म माहाकुलुङ गाउँपालिकाको आर्थिक स्थितिको सामान्य जानकारी गराउन चाहन्छु।
   - यो एक वर्षको अवधिमा जनतामा आर्थिक कारोबार गर्ने क्षमतामा वृद्धि भएको अनुमान गरेको छु।
   - अलैची, सतुवा, चिराइतो लगायत महत्वपूर्ण जडिबुटिको उत्पादन, निकासी तथा व्यापारमा वृद्धि भएको छ।
   - सडकको विस्तारले दैनिक उपभोग्य सामान लगायतको मूल्य घट्न गई सर्वसाधारण जनताको जीवनस्तरमा सुधार आएको छ।
   - वस्तु निर्यात भन्दा आयात बढी रहेकोले स्थानीय उत्पादनलाई बढी प्राथमिकता दिनुपर्ने नीति अबलम्बन गर्नुपर्ने देखिन्छ।

- राजस्व परिचालनको लक्ष्य नजिक पुगेको देखिदैन । त्यसैले राजस्व प्रशासनलाई चुस्त, दुरुस्त र प्रभाबकारी बनाउने रणनीति गाउँपालिकाले लिनु पर्ने देखिन्छ ।
- जनतामा आर्थिक असन्तुलन देखिन्छ । त्यसैले विपन्न उम्मूख कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

**सम्मानीत अध्यक्ष महोदय,**

**6.** अब म आगामी आर्थिक वर्ष २०७५/०७६ को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्य र प्राथमिकता निम्नानुसार छन् :

(क) सडकको विस्तार र स्तरोन्नती गरी नागरिकलाई यातायातको पहुँचमा पुर्‍याउने ।

(ख) कृषि र पशुपालनको उत्पादन गुणस्तर वृद्धि गरी आयात प्रतिस्थापन गर्दै निर्यात बढाउने ।

(ग) पर्यटन क्षेत्रलाई विकास र विस्तार गरी समग्र गाँउपालिका नै पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने ।

(घ) स्वास्थ्य र शैक्षिक गुणस्तर बृद्धि गर्ने ।

(ङ) सामाजिक बेमेल र आर्थिक विषमतालाई अन्त्य गर्ने ।

(च) युवा स्वरोजगार कार्यक्रलाई बढवा दिने ।

(छ) सेवा प्रवाहको गुणस्तर बृद्धि गरी प्रक्रियागत झन्झटलाई अन्त्य गर्ने ।

**7.** अब म बजेट तर्जुमाका आधार र सिद्धान्तहरु प्रस्तुत गर्न चाहन्छ ।

- नेपालका संविधान,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- राष्टिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- संघ र प्रदेश सरकारले जारी गरेको नीति, कानुन तथा मापदण्डहरु,
- स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४
- संघीय, प्रादेशकि र स्थानीय तहको आवधिक विकास योजना,
- स्थानीय तहको मध्यकालीन खर्च संरचना,
- उपलव्ध श्रोत र साधन,
- विकासका अन्तसम्बन्धित विषयहरु,
- नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु,

- संघ र प्रदेशले अबलम्बन गरेका आर्थिक नीतिहरु,
- विकासका आवधिक योजना, रणनीतिक योजना, क्षेत्रगत गुरुयोजना,
- राजस्व परामर्श समितिको प्रतिबेदन आदि ।

# सम्मानित अध्यक्ष महोदय,

**8.** माहाकुलुङ गाउँपालिकामा देहायका श्रोतहरुबाट आम्दानी प्राप्त भएको छः

- संघीय सरकार वित्तिय समानिकरणबाट प्राप्त आय रु. ८ करोड ७६ लाख
- संघीय सरकार शसर्त अनुदानबाट प्राप्त आय रु. ५ करोड ७९ लाख
- संघीय सरकार राजस्व बाडँफाडँबाट प्राप्त आय रु. अनुमानित ५ करोड ५१ लाख
- प्रदेश सरकार वित्तिय समानिकरण र राजस्व बाडफाडबाट प्राप्त आय रु. ३२ लाख ९४ हजार
- प्रदेश सरकार सवारी राजस्व बाडफाडबाट प्राप्त आय रु. २१ लाख १६ हजार
- प्रदेश सरकार सशर्त अनुदान रु. अनुमानित १ करोड ५० लाख
- मालपोत कार्यालय सल्लेरीबाट प्राप्त मालपोत राजस्व रु. २ लाख २७ हजार १ सय ६४
- आन्तरिक आय/राजस्व रु. ४ लाख ९३ हजार
- बैंक मोज्दात रु. २ करोड ३० लाख

**9.** कार्यक्रम तर्जुमा र बजेट विनियोजन गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको प्रतिबेदन, राजस्व परामर्श समितिका प्रतिबेदन, वडागत योजना प्राथमिकिकरण जस्ता विषयलाई प्राथमिकतामा राखिएको छ ।

**10.** माहाकुलुङ गाउँपालिकाको यस बजेट सन्तुलित बजेट हुनेछ ।

**11.** अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग, प्रदेश सरकार बाट प्राप्त पत्र तथा प्रदेश बजेट बक्तव्य र आ.व. २०७४/०७५ को बैकं मौज्दातको आधारमा आ.व. २०७५/०७६ मा माहाकुलुङ गाउँपालिकामा प्राप्त अनुमानित आय **जम्मा रु. २४,४७,३०,१६४।- (अक्षरेपी चौबिस करोड सट्चालिस लाख तीस हजार एक सय चौसट्ठी मात्र)।** रहेको छ ।

**12.** संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान सशर्त कार्यक्रम अनुसारनै कार्यान्वयन गरिनेछ ।

**13.** अब म गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, विषयगत शाखाहरु, वडा कार्यालय, क्षेत्रगत कार्यक्रम तथा विनियोजन सम्बन्धी विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**14.** माहाकुलुङ गाउँपालिका, वडा नं. १ लाई रु. १ करोड ८ लाख विनियोजन गरेको छु ।

**15.** माहाकुलुङ गाउँपालिका, वडा नं. २ लाई रु. ८५  लाख विनियोजन गरेको छु ।

**16.** माहाकुलुङ गाउँपालिका, वडा नं. ३ लाई रु. १ करोड ९ लाख विनियोजन गरेको छु ।

**17.** माहाकुलुङ गाउँपालिका, वडा नं ४ लाई रु. ९१ लाख विनियोजन गरेको छु ।

**18.** माहाकुलुङ गाउँपालिका, वडा नं. ५ लाई रु. ८५ लाख विनियोजन गरेको छु ।

**19.** माहाकुलुङ गाउँपालिका स्वास्थ्य शाखालाई रु. ६० लाख रुपैया निनियोजन गरेको छु । जसमा पुँजीगत तर्फ रु. २० लाख र चालुतर्फ रु. ४० लाख रहने छ ।

**20.** माहाकुलुङ गाउँपालिका कृषि तथा पशु सेवा शाखालाई रु. ७२ लाख विनियोजन गरेको छु । जसमा पुँजीगत तर्फ रु. ७ लाख र चालुतर्फ रु. ६५ लाख रहने छ ।

**21.** माहाकुलुङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको लागि रु. २ करोड ३० लाख विनियोजन गरेको छु । जस अन्तर्गत पुँजीगत तर्फ रु. ८० लाख र चालुतर्फ रु. १ करोड ५० लाख रहने छ ।

## अध्यक्ष महोदय,

**22.** अब म माहाकुलुङ गाउँपालिकाको गौरबका आयोजना/योजनाहरुको एकमुष्ट बजेट विनियोजन सम्बन्धी विवरण पेश गर्न चाहन्छु ।

**23.** माहाकुलुङ गाउँपालिकामा निर्मित सडकको मर्मत सम्भार तथा स्तरोन्नतीका लागि रु. १ करोड विनियोजन गरेको छु ।

**24.** माहाकुलुङ गाउँपालिकाको वडा नं. २ स्थित वखम पपिलु देखि वडा नं.३, वडा नं  ४ र वडा नं. ५ मा माहाकुलुङ चक्रपथ सडक ट्र्याक ओपनको लागि रु. ४ करोड विनियोजन गरेको छु । साथै सो सडकको प्राविधिक इष्टिमेट लागत अनुसार बजेट खण्डीकरण गरी कार्यन्वयन गरिनेछ ।

**25.** **एकिकृत कृषि तथा पशुपन्छि अध्ययन केन्द्र** स्थपना तथा सञ्चालनको लागि रु. २० लाख विनियोजन गरेको छु ।

**26.** कुल प्राबिधिक स्टिमेट ३९,२२,६१०।- अक्षरेपी उनान्चालिस लाख बाइस हजार छ सय दश मात्र । को लागतमा निर्माणधिन फुलवाति ट्रस ब्रिज को लागि आ. व. ०७४/७५ मा दुर्गम विकास कोषबाट रु. १३,४२,०००।- बजेट निनियोजन भएकोमा अपुग हुन आएको बजेट रु. २५ लाख सो ब्रिज निर्माणको लागि बिनियोजन गरेको छु ।

**27.** **कुलुपोङखो महाकुलुङ प्रवेश द्धार** (क्रमागत योजना) निर्माणको लागि रु. २० लाख छुट्टाएको छु ।

**28.** पर्यटन सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापन केन्द्रलाई रु. १० लाख विनियोजन गरेको छु ।

**29.** थुलुङ दुधकोशी गाउँपालिका र सोताङ गाउँपालिकाको बीच दुधकोशीमा बेली ब्रिज निर्माणको लागि प्रदेश सरकार र सोताङ गाउँपालिकासँग साझेदारी गर्न रु. ५० लाख विनियोजन गरेको छु ।

**30. बुल्तोसुम देखि साविक छेस्काम गाविस वडा नं ५ सम्मको गोरेटो बाटो निर्माण तथा ढल व्यवस्थापनको लागि रु. १० लाख विनियोजन गरेको छु ।**

**31.** महाकुलुङ गाउँपालिका वडा नं. १ स्थित बृद्धाश्रम सञ्चालन तथा व्यवस्थापनमा रु. १० लाख विनियोजन गरेको छु ।

**32.** भुवाखोला लघु जलविद्युत आयोजना मर्मत सम्भार तथा व्यवस्थापनका लागि रु. ५० लाख विनियोजन गरेको छु ।

**33. माहाकुलुङ सभागृह** निर्माणको लागि रु. २० लाख विनियोजन गरिएको छ ।

**34.** माहाकुलुङ गाउँपालिका वडा नं. ३ मा खानेपानी व्यवस्थापनका लागि रु. १५ लाख विनियोजन गरेको छु ।

**35.** मुद्धि-मेरा पदमार्ग निर्माणका लागि रु. १० लाख विनियोजन गरेको छु ।

**36.** माहाकुलुङ गाउँपालिका वडा नं. १ मा बुङ जनकल्याण केन्द्र सँग साझेदारीमा खानेपानी निर्माण तथा व्यवस्थापनको लागि रु. ३५ लाख विनियोजन गरिएको छु ।

**37.** अल्लो कपडा बुनाई तालिम (महिला) सञ्चालनको लागि रु. १० लाख विनियोजन गरिएको छ ।

**38.** माहाकुलुङ गाउँपालिका न्यायिक समिति अभिमुखिकरण तालिमका लागि रु. ३ लाख ५० हजार छुट्याइएको छु ।

**39.** माहाकुलुङ गाउँपालिका वडा नं. ४ र वडा नं. ५ मा अलैची व्लक सञ्चालनको लागि रु. १५ लाख विनियोजन गरेको छु ।

**40.** लिप्को खोला-भुवाखोला-फुलवाति खोला-हुंगा नदि-कंखो खोला-बुदुम खोलामा मोटरेवल पक्की पुलको डि.पि.आर. गर्न रु. १० लाख विनियोजन गरेको छु ।

**41.** माहाकुलुङ रिङरोडको प्रारम्भिक वातावरणीय सर्भेक्षण गर्न रु १५ लाख विनियोजन गरेको छु ।

**42.** माहाकुलुङ गाउँपालिकामा रिड नेपालसँग साझेदारी शैक्षिक कार्यक्रमको लागि १८ लाख विनियोजन गरेको छु ।

**43.** समपुरक कोषको लागि रु. ५ लाख विनियोजन गरेको छु ।

**44.** विपद् व्यवस्थापन कोषको लागि रु. १० लाख विनियोजन गरिएको छ ।

**45.** जनप्रतिनिधि पदबहाली विषेश कार्यक्रमका लागि रु. ३ लाख छुट्याएको छु ।

**46.** निजामती कर्मचारी दिवस (**भाद्र २२**) विशेष कार्यक्रमको लागि रु. ३ लाख विनियोजन गरेको छु ।

**47.** माहाकुलुङ गाउँपालिका वडा नं. ३ छेस्काम प्रहरी चौकी आ.व.२०७५/०७५ बाट भुई प्लास्टर गर्न बाकी रहेका तीन वटा कोठा भित्री सोलिङ तथा प्लास्टरको लागि रु ३ लाख विनियोजन गरिएको छ ।

**48.** विविध अन्तर्गत रु. ७ लाख ५० हजार रुपैया रहेको छ ।

**49.** अब म माहाकुलुङ गाँउपालिका अन्तर्गतका ५ वटै वडाहरुबाट प्राप्त कार्यक्रम तथा योजनाहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**50. वडा नं. १ बाट प्राप्त योजना तथा कार्यक्रमहरुः**

- कार्यालय सञ्चालन तथा विविध खर्च : **६ लाख ।**
- **लक्षित वर्ग अन्तर्गत ५ लाख ।**
  - जेष्ठ नागरिकः १ लाख ।
  - बालबालिका : १ लाख ।
  - दलित : ५० हजार ।
  - महिला : १ लाख ।
  - फरक क्षमता : ५० हजार ।
  - जनजाति : १ लाख ।
- **शसर्त कार्यक्रम तर्फ : ३३ लाख ।**
  - हिमचुली पूर्व आवि खेलमैदान : २ लाख ।
  - हुर्हुरे बालविकास फर्निचर निर्माण : २ लाख ।
  - खिरौले आवि लाइब्रेरी व्यवस्थापन ५ लाख ।
  - पात्ले आवि लाइब्रेरी व्यवस्थापन : ५ लाख ।
  - जनसुधार आवि कम्प्युटर खरिद : ६ लाख ।
  - सगरमाथा मावि कम्प्यूटर शिक्षक : १ लाख ९५ हजार ।
  - सगरमाथा मावि तारजाली निर्माण ६ लाख ५ हजार ।
  - कागति पकेट सञ्चालन : ५ लाख ।
- **पुँजीगत तर्फ : ६४ लाख ।**
  - मोम्लाम्दो - खिरौले कृषि सडक निर्माण : ५० लाख ।
  - स्नातक अध्ययन छात्रवृत्ति : ३ लाख ।
  - गम खेलमैदान घेराबार निर्माण : २ लाख ।
  - देउराली डाँडा खेलमैदान : २ लाख ।
  - टोल-टोलमा सूचनापाटी निर्माण : २ लाख ।
  - मोम्लाम्दो-खिरौले कृषि सडक रोड सर्भे : २ लाख ।

- मोम्लाम्दो चर्च शौचालय निर्माण : २ लाख।
- विविध : १ लाख।

## 51. वडा नं. २ बाट प्राप्त योजना तथा कार्यक्रमहरु :

- कार्यालय सञ्चालन तथा विविध खर्च **रु. ३ लाख ५० हजार** मात्र ।
- बैठक भत्ता रु. **२ लाख ५० हजार** मात्र।
- **लक्षित वर्ग : ५ लाख।**
  - जेष्ट नागरिक, महिला, फरक क्षमता तथा दलित कार्यक्रमका लागि रु. ३ लाख ८० हजार
  - लक्षित बालबालिका कार्यक्रम तर्फ रु. २० हजार मात्र।
  - जनजाति कार्यक्रम (संग्राहलय व्यवस्थापन) रु. १ लाख।
- **शसर्त कार्यक्रम : १५ लाख।**
  - मौरी तथा तोरी पकेट कार्यक्रम रु. ५ लाख।
  - पेल्माङ आवि रु. ६ लाख।
  - चोमोलुङमा आवि रु. ४ लाख।
- **पूँजीगत तर्फ : ५९ लाख।**

१) वडा कार्यालय भवन निर्माण क्रमागत रु. ७ लाख ९३ हजार मात्र।

२) वडा कार्यालय भवनमा शौचालय निर्माण तथा प्रांगण निर्माण रु. ५ लाख मात्र।

३) पेल्माङ बसपार्क (जेरोपोइन्ट) - २ नं. वडा कार्यालय कृषि सडक ट्र्याक ओपन रु. ७ लाख।

४) स्वास्थ्य चौकी पेल्माङ तथा पेल्माङ विकासका लागि सहयोगि हातहरुसँग साझेदारी कार्यक्रम गर्न रु. ४ लाख ३० हजार मात्र।

५) स्वास्थ्य चौकी पेल्माङ फर्निचर निर्माणका लागि रु. २ लाख।

६) विपद् व्यवस्थापनको लागि सामग्री खरिद तथा व्यवस्थापन रु. २ लाख।

७) खेलकुद आयोजना तथा व्यवस्थापनको लागि रु. ३ लाख मात्र।

८) चोङखिदो सामुहिक भवन फर्निचर निर्माण तथा व्यवस्थापन रु. ५ लाख।

९) तुङमादो काठेसाँघु निर्माण रु. २ लाख ५० हजार मात्र।

१०) जिदो सामुहिक भवन निर्माण रु. ६ लाख मात्र।

११) वास्दोउ - पोपिलु गोरेटो बाटो निर्माण तथा मर्मत रु. ५ लाख।

१२) साम्फो-मानेवा पहिरो रोकथाम तथा नियन्त्रण रु. ३ लाख।

१३) वास्दोउ सामुहिक भवन निर्माण रु. ४ लाख।

१४) चोडखिदो, पेल्माङ आवि, २ नं. वडा कार्यालय तथा महाकुलुङ ताल आसपासमा फोहोरमैला व्यवस्थापन तथा संकलन केन्द्र निर्माण २ लाख २७ हजार ।

## 52. वडा नं. ३ बाट प्राप्त योजना तथा कार्यक्रमहरुः

- कार्यालय सञ्चालन तथा विविध खर्चः **६ लाख** मात्र ।
- **लक्षित वर्ग अन्तर्गत : ५ लाख ।**
    - जेष्ठ नागरिकः १ लाख ५० हजार ।
    - बालबालिका : ४० हजार ।
    - दलित : ४० हजार ।
    - महिला : १ लाख ।
    - फरक क्षमता : ४० हजार ।
    - जनजाति : ९० हजार ।
    - शेर्पा समुदाय : ४० हजार ।
- **शसर्त तर्फ : ३४ लाख ।**
    - अल्लो उत्पादन तथा प्रशोधन पकेट : १० लाख ।
    - छेस्काम मावि : ८ लाख ।
    - रत्नप्रगतिशिल आवि : ४ लाख ।
    - देनाम आवि : ३ लाख ।
    - महाकुलुङ आवि : ३ लाख ।
    - जनसुधार आवि : ३ लाख ।
    - छेस्काम आवि : ३ लाख ।

- **पूँजीगत तर्फः ७५ लाख ।**
    - श्री छेस्काम मावि सभाहल बाहिरी भित्रि प्लास्टर, सिलिङ निर्माण तथा वाइरिङ रु. ६ लाख ।
    - महाकुलुङ (हल्ला) खेलमैदान निर्माण (क्रमागत) रु. ८ लाख ।
    - छेस्काम मावि खानेपानी व्यवस्थापन रु. १ लाख ।
    - फुलवत्ती खोला पावर हाउस मर्मत तथा व्यवस्थापन रु. २ लाख ५० हजार
    - गोही लामवा पक्की पूल निर्माण रु. ४ लाख ।
    - पेलेम्ला पक्की पूल निर्माण रु. ३ लाख ।
    - रंकेनीथान टहरा निर्माण (छेम्सी) रु. १ लाख ७५ हजार ।

- दुव्गो रंकेनी थान टहरा निर्माण साविक ४ र ५ नं वडा रु. १ लाख ७५ हजार ।
- साबुन साना उद्योग निर्माण तथा सञ्चालन रु. ३ लाख ।
- कालिका नाग मन्दिर घेराबार निर्माण रु. १ लाख ५० हजार ।
- तितिला बगर-मामेर्कु गोरेटो बाटो निर्माण रु. २ लाख ।
- छेस्काम आवि पहिरो रोकथाम रु. १ लाख ।
- छेस्काम आवि-मामेर्कु गुम्बा गारेटो बाटो निर्माण रु. १ लाख ।
- हम्बैवा खानेपानी निर्माण (बोखिल्वा -मुक्थो) एक घर एक धारा निर्माण रु. ८ लाख ।
- पेलेम्ला साविस भवन संरक्षणको लागि वाल निर्माण, सोलिङ तथा उद्यान व्यवस्थापन रु. ४ लाख ।
- स्वास्थ्य चौकी खोनपानी मर्मत तथा बर्थिङ सेन्टर व्यवस्थापन रु. २ लाख ।
- वडा कार्यालय अभिलेख संकलन रु. १ लाख ।
- नवयुग एकता विकास समितिसंग कार्यक्रम साझेदारी रु. ५० हजार मात्र ।
- महाकुलुङ गरिबी निवारण कृषि सहकारी संस्थासँग साझेदारी रु. ५० हजार ।
- सोप्रोदो संयुक्त टहरा निर्माण रु. २ लाख ।
- साइखे गोरेटो बाटो निर्माण : १ लाख ।
- छपा पाँचपोखरी गोरेटो बाटो निर्माण (क्रमागत) : २ लाख ।
- प्रहरी चौकी फर्निचर निर्माण : ५० हजार ।
- खेलकुद : ३ लाख ।
- शिब मन्दिर (पिचिरिम) सिढी प्लास्टर तथा रेलिङ निर्माण : १ लाख ५० हजार ।
- कुलुङ संग्राहलय व्यवस्थापन : १ लाख ५० हजार ।

## 53. वडा नं. ४ बाट प्राप्त योजना तथा कार्यक्रमहरुः

- कार्यालय सञ्चालन तथा विविध खर्चः **६ लाख** मात्र ।
- **लक्षित वर्ग अन्तर्गत : ५ लाख** ।
  - जेष्ठ नागरिकः १लाख ।
  - बालबालिका : १ लाखा ।
  - दलित : ५० हजार ।
  - महिला : १ लाख ।
  - फरक क्षमता : ५० हजार ।
  - जनजाति : १ लाख ।
- **शसर्त तर्फ : २१ लाख ।**
  - सतुवा पकेट : ५ लाख ।
  - गुदेल मावि काँढे तार जालि तथा गेट निर्माण : ५ लाख ।
  - गुदेल मावि ढल निकास तथा खानेपानी मुहान मर्मत : ३ लाख ।
  - बासुकी आवि तारबार तथा घेराबार : ६ लाख ।
  - शहिद स्मृति आवि खेल मैदान मर्मत : २ लाख
- **पूँजीगत तर्फः ५९ लाख ।**
  - विद्युत फलामे पोल खरिद : ८ लाख ।
  - गाउँघर क्लिनिकको शौचालन निर्माण तथा खानेपानी व्यवस्थापन : ६ लाख ।
  - पेलानी/पिसानी मिल खरिद तथा जडान : ७ लाख ।
  - फलफूल प्रशोधन मेसिन खरिद तथा जडान : ७ लाख ।
  - तुमाउ ढल निकास तथा फोहोरमैला व्यवस्थाप : ५ लाख ।
  - हिमालय सनसाइन फाउण्डेसन क्लबको शौचालय निर्माण तथा फर्निचर निर्माण : ४ लाख ५० हजार ।
  - लुच्चाम पहिरो रोकथाम : ३ लाख ।
  - साविक गुदेल - ४ बाफुदो खानेपानी मर्मत : २ लाख ।
  - तान सम्बन्धी बुनाई तालिम (महिला) : २ लाख ।
  - सानाम छोलिङ गुम्बा फर्निचर निर्माण : २ लाख ।
  - विखे खोला काठे साँघु निर्माण : १ लाख ५० हजार ।
  - तार जालि खरिद तथा नागथान घेराबार : ३ लाख ५० हजार
  - ग्रिल उद्योग सञ्चालनार्थ कच्चा पदार्थ खरिद (फलाम, कास, तामा) : २ लाख ५० हजार
  - खेलकुद : १ लाख ।

- पौउछो गोरेटो बाटो निर्माण : १ लाख ५० हजार ।
- हेप्पिाड मर्मत : १ लाख ५० हजार ।
- स्वास्थ्य चौकी उपकरण खरिद १ लाख ।

## 54. वडा नं. ५ बाट प्राप्त योजना तथा कार्यक्रमहरु:

- कार्यालय सञ्चालन तथा विविध खर्च: **६ लाख** मात्र ।
- **लक्षित वर्ग अन्तर्गत : ५ लाख ।**
    - जेष्ठ नागरिक: १लाख ।
    - बालबालिका : १ लाखा ।
    - महिला : १ लाख ।
    - फरक क्षमता : १ लाख ।
    - जनजाति : १ लाख ।
- **शसर्त तर्फ : १५ लाख ।**
    - अदुवा बेसार पकेट : ५ लाख ।
    - अमरज्योति आवि : ६ लाख ।
    - घ्याङखर्क आवि : २ लाख ।
    - युवा आवि : २ लाख ।
- **पूँजीगत तर्फः ५९ लाख ।**
    - गुदेल दवीथान घेराबार : ९ लाख ।
    - फुलवारी सामुदायिक संस्था (साविक गुदेल-५) को भवन मर्मत : १ लाख ५० हजार ।
    - चाप्सोङला-साम्बुस्खो गोरेटो बाटो निर्माण : ५ लाख ।
    - लालिमा प्लाष्टिक हस्तकला तालिम : २ लाख ।
    - गुदेल स्वास्थ्य चौकी भकारी सिलिङ निर्माण : १ लाख ५० हजार ।
    - गुदेल खानेपानी मर्मत : १ लाख ५० हजार ।
    - तिवा टोल खानेपानी मर्मत : १ लाख ५० हजार ।
    - निम्चोला सामुदायिक भवन निर्माण : ५ लाख ।
    - नर्कुम गारेरेटो बाटो मर्मत : २ लाख ।
    - पुमोवा खानेपानी मर्मत : १ लाख ५० हजार ।
    - फुलवारी सामुदायिक संस्था (साविक गुदेल -६) भित्ता सिलिङ : ३ लाख ।
    - वसन्त सामुदायिक संस्था खानेपानी मर्मत : १ लाख ५० हजार ।
    - खुत्रुके सामुदायिक संस्थासंग साझेदारी चोचोलुङ ढल निकास : ९ लाख ।
    - सगरमाथा सामुदायिक भलिबल खेलमैदान निर्माण : ३ लाख ।

- महिला सीप विकास सिलाई तालिम : ३ लाख ।
- सुनौलो हजार दिन आमा समूह : १ लाख
- बाबालमा सामुदायिक संस्था छाना तथा फर्निचर निर्माण : ३ लाख ।
- बाबालमा खानेपानी वितरण : २ लाख ।
- सवारी साधन मोटर साइकल खरिद : ३ लाख